**सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल**

# स्थानीय राजपत्र

**खण्ड: ७** **संख्या :०२** **मिति: २०८०/०४/०१**

## भाग-२
## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### सानीभेरी गाउँपालिकाको आ.व २०८०/८१ को बजेट वक्तव्य ,२०८०

गाउँ सभामा प्रस्तुत मितिः२०८०/०३/१०
गाउँ सभाबाट पारितमितिः२०८०/०३/३०

गाउँसभाका सभाध्यक्ष महोदय,
कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री ज्यू
कर्णाली प्रदेशका पुर्व आर्थिक मामिला तथा योजना मन्त्री गोपाल शर्मा ज्यु
कर्णाली प्रदेशका पुर्व भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री विमला के.सी. ज्यू
सानीभेरी गा.पा.का प्रथम अध्यक्ष नर ब.पुन ज्यू
सानीभेरी गा.पा.का प्रथम उपाध्यक्ष इन्दिरा वली ज्यु
उपस्थित सम्पुर्ण गाउँ सभा सदस्य ज्यू हरु
उपस्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यु सुरक्षा निकाय पत्रकार अन्य महानुभावहरु

१. यस तेह्रौ गाउँसभामा गाउँकार्यपालिकाको उपाध्यक्ष को हैसियतले आगामी आ.ब. २०८०।८१ को बजेट प्रस्तुत् गर्न उपस्थित भएको छु ।

२. आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाका लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्व, जनआन्दोलन, विभिन्न समयमा भएका क्रान्तिहरु तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहन्छु ।साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिएको योगदानको उच्च प्रशंसा गर्दछु । लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सानीभेरी बासी आमा, बुबा, दाजुभाइ ,दिदि, बहिनी सम्पुर्णलाई नमन गर्न चाहन्छु ।

३. आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्व सानीभेरी गाउँपालिका निर्माणको लागि कोशेढुङ्गा सावित हुने बजेटको रूपमा मैले लिएको छु । गुणस्तरीय शिक्षा, उत्पादनमुखी कृषि प्रणाली, बञ्चितीकरण रहितको सामाजिक न्याय र समानतामा आधारित समावेशी सानीभेरी, निर्माणको जग बसाल्नमा यस बजेटले मद्दत गर्नेमा मैले विश्वास लिएको छु ।

४. आगामी बजेट सेवा, विकास, सुशासन र सामाजिक न्यायको बढोत्तरी मार्फत समृद्व सानीभेरी गाउँपालिका निर्माणमा लक्षित हुनेछ ।उत्पादनमा आत्मनिर्भरता र व्यावसायिकता मार्फत स्वरोजगारी सृजना गर्न दिशामा बजेट उन्मुख रहेको छ ।

५. हाम्रो गाउँपालिकाको आन्तरिक स्रोत, संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानका आधारमा गाउँपालिका भित्र रहेका विभिन्न जात जाति, लिङ्ग, भाषा, धर्म, पेशा, बर्ग र क्षेत्रका आम नागरिकको विकास र समृद्विको आकांक्षा सम्बोधन गर्न र निर्वाचनको समयमा घोषणापत्रमा गरिएका वाचाहरू पुरा गर्न बजेट केन्द्रित गरिएको छ ।

६. सीमित स्रोत साधनलाई नागरिकको असिमित आकांक्षा पुरा गर्न आवश्यकता अनुसार प्राथमिकिकरण गरी योजना अनुरुप कार्यान्वयन गर्ने प्रयास गरेको छु । विनियोजित बजेटको कुशल एवं मितव्ययी रूपमा परिचालन गरी अपेक्षित उपलब्धी हासिल हुनेमा म विश्वस्त छु ।

गाउँसभाका सभाध्यक्ष महोदय,

अव म चालू आर्थिक बर्ष २०७९।८० को बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. मुलुकमा बढ्दै गएको आर्थिक संकट तथा खुम्चिदै गएको अर्थतन्त्रका कारण संघीय राजश्व लक्ष्य अनुसार प्रगति हुन नसकेकोले संघबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण

अनुदान अन्तिम किस्ताको रकम ५०% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु कार्यन्वयन र भुक्तानीमा समस्या भएको अबस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत बलियो र पर्याप्त नभएको स्थितिमा चालू आ.व.का योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न निकै चुनौतीपूर्ण हुने देखिन्छ ।

८. चालु आ.व. २०७९/८० मा यस सानीभेरी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु.१० करोड २५ लाख, शसर्त अनुदान चालु रू. १८ करोड ५७ लाख ६ हजार शसर्त अनुदान पुंजिगत रू. ६ करोड ९० लाख ५० हजार, बिशेष अनुदान पुंजिगत रू. ५० लाख समपुरक अनुदान रू. ५० लाख गरी जम्मा रू . ३६ करोड ७२ लाख ५६ हजार रूपैयाँ बिनियोजन भएकोमा हालसम्म प्राप्त भएको रकम रु ३५ करोड ४६ लाख ९३ हजार ५ सय रहेको छ ।

९. त्यसै गरी चालू आ.व.मा प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. ९७ लाख ६८ हजार, शसर्त अनुदान पुजीगत रू. ४ करोड ९० लाखशसर्त अनुदान चालू रू.४ लाख १० हजार गरी जम्मा रू. ४ करोड ९५ लाख १० हजार प्राप्त भएको छ ।

१०. त्यसै गरी राजश्व बाँडफाँडबाट संघ तथा प्रदेश सरकारबाट रू . ९ करोड ८६ लाख २ हजार रूपैयाँ बिनियोजन भएकोमा हालसम्मको राजश्व रकम ६ करोड ५१ लाख ६३ हजार ८ सय ३३ रहेको छ भने सानीभेरी गाउँपालिकाको राजस्व बाँडफाडबाट १८ लाख अनुमान गरेकोमा रु.१६ लाख ५६ हजार ६ सय प्राप्त भएको छ ।

११. त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट रू. १ करोड ७५लाख र बैंक मौज्दात अल्या रकम रू. २ करोड ८५ लाख ५० हजार र फिनल्यान्ड सरकारको बैदेशिक अनुदान सोझै भुक्तानी ११ लाख ८८ हजार गरी कुल बजेट रू. ५६ करोड ८४ लाख ३४ हजार विनियोजन गरिएको थियो । जस मध्ये यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी ६८.२९ प्रतिशत खर्च भएको अवस्था छ।

१२. चालू आ.व. को गाउँपालिकाको समग्र प्रगति बिबरण र मुख्य मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसंग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको बिबरणहरु अनुसूचीमा समावेश गरेको छ ।

सभाअध्यक्ष महोदय,

विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दवावको स्थितिमा रहेको छ ।हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ । हामीसंग प्राप्त हुने स्रोत साधनको समूचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई विकास र समृद्विका आकाँक्षाहरु पूरा गर्नुपर्ने चुनौती हाम्रो सामू रहेको छ ।

१३.सानीभेरी गाउँपालिका भौगलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको छ । यस स्थितिमा गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु हाम्रो लागि अर्को चुनौतीको रुपमा रहेको छ ।

१४.मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सृजना हुने आशा लिएको छु ।

सभाध्यक्ष महोदय,

माथि उल्लिखित चुनौती र अवसरलाई मनन् गर्दै "समृद्ध सानीभेरीः सुखी सानीभेरीबासी" को सपना साकार पार्न आगामी आर्थिक बर्ष २०८०/०८१ का बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

(क) उपलब्ध सीमित स्रोत साधन उच्चतम परिचालन गरी आर्थिक क्षेत्रको सुदृढीकरण गर्दै सेवा, विकास, सामाजिक न्याय र समानता कायम राख्दै समृद्ध तथा आत्मनिर्भर सानीभेरी बनाउने,गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्यायको प्रत्याभूत गर्ने,

(ख) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्दै व्यावसायिकता प्रबर्द्धन गर्ने ,

(ग) सवै प्रकारका संक्रामक रोग र विपदबाट सानीभेरीबासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

(घ) आय र रोजगारीका अवसरहरु सृजना मार्फत गरीबी न्युनीकरण गर्ने ,

(ङ) स्थानीय सरकारको कार्यक्षेत्र र भूमिका अनुसार लोककल्याणकारी राज्यको अवधारणालाई अभिवृद्धि गर्दै मौलिक हक तथा अधिकारको प्रचलनमा जोड दिने ।

१५.बजेटले लिएका उद्देश्यहरु हासिल गर्न र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्न बजेटमा देहायका प्राथमिकता निर्धारण गरेको छु ।

(क) गुणस्तरीय शिक्षा,स्वास्थ्य, सामाजिक सुरक्षा र संरक्षण ,

(ख) कृषि क्षेत्रको व्यावसायिककरण र उत्पादन तथा उत्पादकत्व अभिबृद्धि,

(ग) गुणस्तरीय भौतिक पूर्बाधार निर्माण,

(घ) मानव संशाधन विकास र रोजगारी सृजना ,

(ङ) सार्वजनिक सेवा प्रवाह, सुशासन र संस्थागत विकास,
(च) वाताबरण संरक्षण,जलवायु परिवर्तन र विपद व्यवस्थापन,
सभाध्यक्ष महोदय,

बजेटले लिएका उद्देश्यहरु र प्राथमिकताहरु हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गरेको छुः

१६.आगामी बर्ष बजेट निर्माणका चरणबद्व कार्यहरुलाई समयमै शुरु गरी गाउँसभामा पेश गर्ने व्यवस्था मिलाइनेछ । यसबाट बजेट पेश गर्ने समयमा हतारमा काम गर्न नपर्ने साथै यथार्थपरक बजेट निर्माणमा टेवा पुग्ने विश्वास लिएको छु ।

१७. आगामी आर्थिक बर्षको बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ । उक्त कार्ययोजना कार्यन्वयनका आधारमा खरीद योजना, ठेक्का ब्यबस्थापन, जनशक्ति ब्यबस्थापन र स्रोत व्यवस्थापनका कार्यहरु गरिनेछन् ।

१८.अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम बित्त हस्तान्तरण गर्नका लागि संघ तथा प्रदेशसंग समन्वय गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दति अवलम्बन गरिनेछ ।

१९.स्रोत साधनमा परेको चाप र सिमित स्रोत साधनमा उच्चतम उपलब्धि हासिल हुने गरी गाउँपालिका र वडा कार्यालयका चालु खर्च कटौती गरिनेछ। सम्पुर्ण वडा कार्यालयहरु,शाखा कार्यालयहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु, गाउँपालिका अस्पत्ताल, गाउँकार्यपालिका कार्यालय लगायत सबै कार्यालयको मसलन्द सामाग्रीको समयमै टेन्डर आह्वान गरिनेछ । साथै इन्धन एवं कार्यालय सम्बन्धी सामान र प्रशासनिक खर्चमा मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।

२०.अत्यावश्यक बाहेक गाउँपालिकाले दुइ पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन खरीद गर्ने छैन ।

२१. विषयगत शाखा र वडाहरुले दोस्रो त्रैमासिक अवधिसम्म कूल बजेटको ५० प्रतिशत वा सोभन्दा भन्दा बढी खर्च गरेमा बजेट रकमान्तर तथा संशोधन गरिनेछैन ।

२२.बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमानको विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

(क) सामाजिक विकास

शिक्षा

२३.गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यार्थी र विद्यालय अनुपातमा तहगत शिक्षकहरुको दरबन्दी कम भई पठपाठनमा समस्या भएको हुदाँ गाउँपालिकाको करार अनुदानमा कार्यरत शिक्षक तथा बालविकास शिक्षककहरु ब्यबस्थापन गर्नका लागि रु.६ करोड ७६ लाख १३ हजार बिनियोजन गरेको छ । यसबाट बिद्यालयहरुमा दरबन्दी अभावलाई कम गर्ने विश्वास लिएको छ ।

२४.विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि शैक्षिक सामाग्री वितरण अभिभावक संग अन्तरक्रियाका लागि रु.३ लाख बजेट विनियोजन गरेको छ ।

२५.शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि स्रोत केन्द्र मार्फत विद्यालयलाइ सुपरिवेक्षण गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छ ।

२६.१० बर्ष देखी लगातार विद्यालयमा प्र.अ को जिम्मेवारी पुरा गरी शिक्षा क्षेत्रमा महत्वपुर्ण योगदान गरेका पुर्व प्र.अ हरुको अनुभव आदानप्रदान र तथा सम्मानका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।

२७.विद्यालयमा शैक्षिक पूर्वाधारहरु भवन, प्रयोगशाला र अन्य सार्वजनिक सम्पतिहरुको निर्माण तथा मर्मत सम्भारका लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छ ।सानीभेरी शिक्षा क्यापसका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२८.माध्यमिक र आधारतभुत तह ६-८ मा अंग्रेजी, गणित र विज्ञान बिषयमा अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु.१करोड ६६ लाख ६० हजार बिनियोजन गरेको छ ।

२९.सार्वजनिक विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउन आबश्यक बजेट बिनियोजन गरेको छ ।

३०.कक्षा १-६ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन गर्न रु १ करोड ३० लाख ९ हजार बिनियोजन गरेको छ । यसबाट बालबालिकाहरु नियमित विद्यालयमा आउने र पोषण स्वास्थ्यमा सुधार भई सिकाइ अभिवृद्धि हुने विश्वास लिएको छ ।

३१.सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-९ सम्मका विद्यार्थीहरुको बार्षिक परीक्षा संचालन तथा ब्यबस्थापन गर्नका लागि रु.८ लाख बिनियोजन गरेको छ ।

३२.स्थानीय बिषयको पाठयक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न रु ५ लाख बिनियोजन गरेको छ ।कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छ ।

३३.प्राविधिक शिक्षा अध्ययनरत दलित विपन्न समुदायबाट ५ जना विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन रु २ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

३४.विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा ब्यबस्थापन गर्न रु.६ लाख बजेट बिनियोजन गरेको छु ।

३५.शिक्षकहरुमा सक्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण तथा क्षमता विकासका कार्यक्रमहरुको लागि आबश्यक बजेट बिनियोजन गरको छु ।

३६.सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत बालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न आबश्यक बजेट बिनियोजन गरेको छु ।

३७.सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिर जडान गरी शिक्षक नियमितता वृद्रि गर्न रु.६ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३८.प्राविधिक शिक्षामा पहुँच अभिबृद्दि गर्दै सीपमूलक शिक्षामा बढोत्तरी गर्न प्रत्येक बर्ष २ जना बिपन्न र आर्थिक तथा सामाजिक रुपले पिछडिएका बर्गका बिद्यार्थीहरुका लागि चिकित्सा शिक्षा अध्ययनका लागि लागत साझेदारीमा उच्च प्राविधिक शिक्षा उपलब्ध गराउन रु.१० लाख विनियोजन गरेको छु ।

३९.बिद्यार्थीको प्रतिभा पहिचानको लागि विद्यार्थीसंग अध्यक्ष कार्यक्रम कार्यन्वयन गर्न रु.२ लाख विनियोजन गरेको छु ।

४०.प्र.अ. र विद्यालय ब्यवस्थापन समितिलाइ नेपालका नमुना विद्यालय अवलोकन गराउन विद्यालयसंगको साझेदारीमा शैक्षिक भ्रमणको आयोजना गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

४१.गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आवश्यक बिनियोजन गरेको छु ।

## स्वास्थ्य तथा सरसफाइ

४२.आधारभूत स्वास्थ्य सेवालाई नागरिकको पहुँच अभिबृद्दी गर्न उपचारात्मक र प्रबर्द्धनात्मक सेवाहरु उपलब्ध गराइनेछ । स्वास्थ्य सेवाका साथै अन्य सरसफाइका कार्यक्रमहरु संचालन गर्न आबश्यक बजेटको ब्यबस्था मिलाएको छु ।१५ शैयाको गाउँपालिका अस्पताल निर्माण कार्य यथासक्य शुरु गरी निर्माण सम्पन्न गराउने विषयमा गाउँपालिकाले आबश्यक पहल गरेको छ । आगामी आर्थिक बर्षमा १५ शैया अस्पताल निर्माण कार्यको दायित्व भुक्तानीका लागि रु.३६ लाख बजेट बिनियोजन गरेको छु ।

४३.आर्थिक रुपमा अति विपन्न आकस्मिक दुर्घटना र सुत्केरी महिलालाइ जीवन रक्षाको लागी निशुल्क एम्बुलेन्स सेवाको लागि रु.५ लाख विनियोजन गरेको छु। बिरामीहरुको सहज रुपमा स्वास्थ्य संस्थाहरुमा बिरामी पुर्याउनको लागि संचालन आएको एम्बुलेन्स सेवा व्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

४४.बर्थिङ सेन्टरमा आबश्यक पर्ने औजार तथा उपकरणहरुको खरीदका गर्न आबश्यक बजेट रु.३ लाख विनियोजन गरेको छु ।

४५. महिलासंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत प्रजनन समस्याबाट ग्रस्त विपन्न महिलाका लागि रु ३ लाख बिनियोजन गरेको छु ।

४६.संघिय शसर्त अनुदानबाट कार्यन्वयन हुने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुमा पर्याप्त बजेट बिनियोजन गरेको छु ।

४७.बढ्दै गएको नैराश्यता दिग्दारीपन नकरात्मक सोच अन्त्य गर्दै स्वस्थ समाजको विकास गर्न मनोसामाजिक परामर्शका कार्यक्रमलाइ कर्णाली मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत रु.७ लाख विनियोजन गरेको छु ।

४८.सानीभेरी गाउँपालिका वडा नं.६ मा रहेको वडा स्तरको आधारभुत स्वास्थ्य सेवा केन्द्रलाइ जनशक्ति ब्यवस्थापन सहित बर्थिङ सेन्टरको ब्यवस्थापन गर्न रु.५ लाख विनियोजन गरेको छु ।

४९.गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत परिमार्जित कार्यविधिका आधारमा विशेष प्रोत्साहन उपलब्ध गराउन रु.५ लाख विनियोजन गरेको छु ।

५०.शहिद परिवार जनयुद्धका घाइते अति गरिव तथा बिपन्न ३१४ घरपरिवारहरुको स्वास्थ्य बिमा कार्यक्रम संचालन तथा ब्यबस्थापन गर्न रु.११लाख बिनियोजन गरेको छु ।

५१.बालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार गर्नका लागि रु.७० लाख विनियोजन गरेको छु।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

५२.महिलाहरु विरुद्ध हुने घरेलु हिंसा तथ हिंसापिडित महिलाहरुको आयआर्जनका लागि आबश्यक बजेट बिनियोजन गरेको छ । यसबाट समाजमा विभेद,शोषण तथा उत्पीडनलाई न्युनीकरण गर्न मद्दत मिल्ने विश्वास मैले लिएको छ ।

५३.महिला, एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि आबश्यक बजेट बिनियोजन गरेको छ ।

५४.जेष्ठ नागरिकको मर्यादित र सम्मानित जीवनयापनका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रममा रु २ लाख ५०हजार बिनियोजन गरेको छ ।

५५.महिला, बालबालिका र जेष्ठ नागरिक शाखाको लागि आवश्यक बजेट बिनियोजन गरेको छ ।

५६.महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत महिलाहरुको आयआर्जन, एकल महिलाहरुको लागि सिलाइ कटाइ तालिम र प्रजनन स्वास्थ्य परिक्षणका लागि रु.४ लाख विनियोजन गरेको छ ।

५७.बिहे नगरि ४० वर्ष पुरा भएका तथा १४ बर्षसम्म निजको श्रीमान बेपत्ता भए कष्टकर एकल जीवन विताइरहेका एकल महिलालाई कार्यविधीका आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न रु.४ लाख ५० हजार विनियोजन गरेको छ ।

५८.विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।

५९.पालिका भित्र रहेका अति गरिब तथा विपन्न नागरिकको तथ्याङ्क संकलन गरी गरिव तथा विपन्न परिवार परिचय पत्र वितरणका लागि आवश्यक वजेटको ब्यवस्था गरेको छ ।

६०.दलित र गैरदलित बीच कानुनबमोजिम मागीअन्तरजातीय विवाह सम्पन्न गरेका नवजोडीलाइ सम्मान तथा पुरुस्कारको लागि आवश्यक बजेट ब्यवस्था गरेको छ।

६१.आगामी बर्ष २०८०/०८१ मा वडा नं ९ लाई बालमैत्री वडा घोषणा गरी बालमैत्री शासन प्रवर्धन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छ ।

## युवा तथा खेलकुद

६२.युवाहरुको क्षमता तथा नेतृत्व विकास गर्न युवा क्लब गठन, युवा समूह परिचालन र युवामा नवप्रवर्तनशील उद्यमशीलताको विकास जस्ता कार्यक्रमहरु संचालन आवश्यक बजेट ब्यवस्था गरेको छु ।

६३.बेरोजागर युवाहरुलाई विदेश हैन विजनेश भन्ने मान्यता आधारित रही आत्मनिर्भरता तर्फ लैजान विभिन्न क्षेत्रगत रुपमा आबश्यक बजेट बिनियोजन गरेको छु ।

६४.पालिका भित्र गौरवको रुपमा रहेको राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथनलाई राष्ट्रिय खेलकुद परिषद तथा प्रदेश खेलकुद परिषद सँग साझेदारी गरी थप प्रभावकारी ब्यवस्थित बनाउन रु.१० लाख विनियोजन गरेको छु ।

६५.सानीभेरी गापाका उत्कृष्ट खेलाडीलाइ सम्मान तथा प्रोत्साहन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।विद्यायहरुमा गरिने पिटी लगायत खेलकुद प्रशिक्षणका लागि खेलकुद प्रशिक्षकको ब्यवस्था गरी विद्यालय स्तर देखी नै प्रतिभावान खेलाडी उत्पादन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
६६.आगामी आ.व.माद जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड बेल्टापु रंगशालामा संचालन गर्न रु.५ लाख विनियोजन गरेको छु ।

<u>खानेपानी तथा सरसफाई</u>

६७.गाउँपालिकाका सबै वडाहरुमा विद्युतीकरण भइनसकेको हुदाँ वैकल्पिक उर्जाको रुपमा सौर्य प्रणाली जडान तथा विस्तार गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु ।

६८.खानेपानी र सिंचाइका योजनाहरु कार्यन्वयन गर्न वडास्तरमा आबश्यक बजेट बिनियोजन गरेको छु ।

६९.राङखोला लिफ्ट खानेपानी आयोजना सानीभेरी -११ संघीय सरकारको विशेष अनुदानको सम्पन्न गर्न रु.६० र तुसारे अध्याचौर गरायला खानेपानी आयोजना क्रमागत आयोजना सम्पन्न गर्न रु .१५लाख गरी रु.७५ लाख विनियोजन गरेको छु ।

७०.ओखरेनी खर्क गाउँ बागखोर सिंचाइ योजना सानीभेरी -८ र अमट्टेगैरा पाखापानी कुलो निर्माण सानीभेरी -४ प्रदेश सरकारको सहकार्यमा रु.३० लाख विनियोजन गरेको छु ।

७१.किचकिचे चिन्तु सानीभेरी -१० र तलीगाँउ मेलचौर सानीभेरी-५ लिफ्टिङ खानेपानी आयोजनाहरु र अन्य साना खानेपानी आयोजनाहरु सम्पन्न गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।

७२.कला, भाषा, साहित्य र संस्कृतिको विकास तथ प्रवर्द्धन गर्न रु ५ लाख छुट्याएको छु ।गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पदमार्गहरु बनाउन आवश्यक बजेट ब्यवस्था गरेको छु।समग्रमा सामाजिक विकास क्षेत्रको लागि ३० करोड ८६ लाख १५ हजार ७ सय रुपैया अर्थात ६०.९० प्रतिशत विनियोजन गरेको छु ।

(ख)आर्थिक विकास

कृषि तथा पशुपन्छी विकास

७३.किसानहरुलाइ प्रत्यक्ष सेवा टेवा पुग्ने गरी संघीय सरकारको सहयोगमा कृषि स्नातक करारमा भर्ना गर्न रु.५ लाख विनियोजन गरेको छु । गत आ.व.को तरकारी बाली पकेट र बाख्रा पकेट विकास कार्यक्रमलाइ निरन्तरता दिएको छु ।

७४.उत्पादन तथा बिक्रिमा आधारित अनुदान तथा कृषि उपज ढुवानीमा अनुदान मार्फत कृषि तथा पशुमा उत्पादन र उत्पादकत्व बढाउँदै ब्यावसायिक कृषि तथा पशु विकास तर्फ उन्मुख हुने विश्वास मैले लिएको छु ।उत्पादनमा आधारित कार्यक्रम अन्तर्गत कृषि र पशु क्षेत्रमा आवश्यक रकम रु.२५ लाख विनियोजन गरेको छु ।

७५.सानीभेरी गाउँपालिकामा कृषि उपज संकलन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।कृषि सहकारी संस्थालाइ थ्रेसर खरिदमा अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

७६.वडा नं.३ लाइ मकैको बीउ उत्पादन र वडा न.९ को हासिबाङलाइ गहुँको बीउ उत्पादनको पकेट क्षेत्र निर्धारण गर्नका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

७७.सानीभेरी गाउँपालिकालाइ नमुना पालिकाको रुपमा विकास गर्न हाललाइ कृषि लगायत अन्य क्षेत्रमा १ नं. वडालाइ नमुना बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

७८.कृषिमा काम गर्ने ब्यवसायिक कृषकको परिचय पत्र वितरणका लागि रु.१ लाख विनियोजन गरेको छु ।व्यवसायिक कृषि खेति गर्न चाहने तर जग्गा नहुने कृषकलाई जग्गा भाडामा दिनको लागि आवश्यक अनुदानको ब्यवस्था गरेको छु ।

७९.किसान सूचीकरण कार्यक्रम, कृषि, पशुपन्छी अद्यावधिक कार्यक्रमको लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

८०.कृषि शाखाबाट सम्पादन हुने अन्य कार्यक्रमहरु कार्यन्वयन गर्न रु १० लाख छुट्याएको छु ।

८१.माटो परिक्षण गरी प्रोफाइल तयार गरी भुगोल तथा माटो अनुसारको बाली विरुवा लगाउन सिफारिस गर्न रु.२ लाख विनियोजन गरेको छु ।

८२.पशुमा लाग्ने विभिन्न संक्रामक रोगहरु खोरेत, भ्यागुते, चरचरे, स्वाइन फिबर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका अन्य रोगहरु नियन्त्रण तथा निवारण गर्नको लागि आबश्यक पर्ने औषधी खरिद गर्नका लागि रु ७ लाख बिनियोजन गरेको छु ।

८३.पशु सेवा शाखाबाट कार्यन्वयन हुने कार्यक्रमहरुको लागि आवश्यक बजेट छुटयाएको छु ।

८४.नश्ल सुधारको लागि बोयरबोका वितरणको कार्यक्रमलाइ निरन्तरता दिएको छु ।भैसी स्रोत केन्द्रमा पाडा तथा दाना ब्यवस्थापनका लागि रु.५ लाख विनियोजन गरेको छु ।

८५.गाइभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता दिनको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।पशु विमा कार्यक्रमलाइ निरन्तरता दिएको छ ।पशुमा लगाइने खोप सुरक्षित राख्न कोल्ड चेन ब्यवस्थापनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

८६.किसानहरुले उत्पादन गरेको दुधको विक्रिको आधारमा कर्णाली प्रदेश सरकारको प्रति लिटर रु.५ मा पालिकाले रु.३ थप गरी अनुदान उपलब्ध गराउन आवश्यक बजेट ब्यवस्था गरेको छु ।

उद्योग पर्यटन बन तथा सिंचाइ

८७.मुख्य स्थान र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न फ्लेक्स वोर्ड तथा रुट चिन्ह राख्न रु.३ लाख विनियोजन गरेको छु ।

८८.गाउँपालिकाको वडा नं ७ छोटेवगरमा निर्माणाधित सहिद स्मृति पार्क,युद्ध सङग्रालयलाई गाउँपालिका भित्रको पौराणिक कला ,भेषभुषा,मौलिकता साथै जनयुद्धमा प्रयोग भएका युद्ध सामाग्रीहरु संकलन गरि संग्रालय स्थापना गर्न आवश्यक बजेट ब्यवस्थापन गरेको छु ।

८९.सास्कृतिक सम्मेलन आयोजना गरी सानीभेरीबाट कला साहित्य र संगीत क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टालाइ सम्मान गर्न रु.३ लाख विनियोजन गरेको छु ।

९०.राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथन, होम स्टे पाहुनाघर निर्माण, होम स्टे भ्रमण पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको विकास गर्न आबश्यक बजेट छुटयाएको छु ।यसरी समग्र आर्थिक विकास क्षेत्रका लागि रु. ५ करोड १३ लाख ३४ हजार ५ सय ९८ अर्थात १०.१३ प्रतिशत विनियोजन गरेको छु ।

(ग) पूर्वाधार विकास

९१.प्रदेश सरकारबाट हस्तान्तरित सम्पुरक योजना अन्तर्गत घरेली घन्ठाना तिमिले चिन्तु कृषि सडक सडकको लागि रु.१ करोड र संघीय सरकारबाट हस्तान्तरित समपुरक योजना अन्तर्गत सहरे ज्यूला चौखे जनचाहना भेरीदह कृषि सडकको लागि रु १करोड गरी जम्मा २ दुइ करोड रकम विनियोजन गरेको छ ।

९२.गाउँपालिकाभित्रका सिकर्मी डकर्मी लाइ दक्ष कामदारका रुपमा विकास गर्न रु.३ लाख विनियोजन गरेको छ ।

९३.स्थानीय सडक पुर्वाधार बाह्रै महिना संचालन गर्न सानीभेरी नदीको ढुङ्गा गिट्टी वालुवा प्रयोग गरी ग्राभेल गर्न उपयोग गरी ग्राभेल गर्न रु. १०लाख विनियोजन गरेको छ ।

९४.सानीभेरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु.१ करोड विनियोजन गरको छ ।

९५.गाउँपालिकाभित्रका सडकहरुको नियमित मर्मत तथा सभ्भार तथा स्तरोन्नति गर्नको लागि रु ६६ लाख बिनियोजन गरेको छ ।प्रदेश सरकारको सशर्त अनुदानमा लाखुरीबोट खेलमैदान तथा देउताखोला विश्रामस्थल निर्माणका लागि रु.४५ लाख विनियोजन गरेको छ ।

९६.झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट रु ५० लाख र गाउँपालिकाबाट रु.२० लाख गरी झोलुङ्गे पुल निर्माण गर्न रु.७० लाख बिनियोजन गरेको छ ।कर्णाली प्रदेश सरकारको शसर्त अनुदानमा सुर्योदय मा.वि.बेल्टापु, शितल मा.वि.पक्रैया, जनकल्याण मा.वि.पुर्तिमकाँडा, कालिका आवि फुक्रु, आधारभुत स्वास्थ्य सेवा घन्ठाना र राष्ट्रिय आवि चाखिलमेलामा घेरावार तथा बगैचा निर्माणका लागि रु.१ करोड ५ लाख विनियोजन गरेको छ ।

९७.एक स्थानीय तह- एक खेलकुद पूर्वाधार अन्तर्गत सानीभेरी-३ मा बेल्टापु खेलकुद रंगशाला निर्माणका लागि रु.३५ लाख विनियोजन गरेको छ।सरस्वती मावि अर्माडाँडाको भवन निर्माणको लागी रु.३५ लाख विनियोजन गरेको छ ।

९८.डम्पिङ साइट निर्माण र सार्वजनिक शौचालय निर्माणका लागि उचित जग्गाको छनौट गरी निर्माणका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छ । फुक्रुजिउला जैदाने, सिम्ली टोट्के, मध्यपहाडी न्याउलीबजार, सर्पाचौर गोलचौर र पेदीखोला सार्कीमारे सडक स्तोरोन्नतिको लागि रु.८० लाख विनियोजन गरेको छ ।

९९.भैपरी आउने चालु र पूँजीगत खर्चका लागि रु.७० लाख बिनियोजन गरेको छु । यसबाट गाउँपालिकामा आकस्मिक रुपमा आइपर्ने पूँजीगत तथा चालु कार्यक्रमहरु कार्यन्वयन गर्न सहज हुने विश्वास मैले लिएको छु ।

सूचना तथा संचार

१००.पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्न रु.५ लाख बजेट विनियोजन गरेको छु ।

१०१.सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय ,वडाकार्यालय,स्वास्थ्य संस्था,विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न रु.१० लाख बजेट विनियोजन गरेको छु ।

१०२.मौराखारा रेडियोलाइ थप ब्यवस्थित र सुदृढ बनाउन रु.५ लाख विनियोजन गरेको छु ।सानीभेरी गाउँपालिकाको विकास सुशासन र समृद्धिको क्षेत्रमा विशेप योगदान गर्ने पत्रकारहरलाइ सम्मान गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

१०३.एक वडा एक पत्राकार विकास गर्नका लागि क्षमता विकास तालिममा रु.२ लाख विनियोजन गरेको छु । पुर्वाधार क्षेत्रमा समग्र बजेट रु.५करोड ६२लाख ५०हजार १ सय ५२ अर्थात ११.१० प्रतिशत विनियोजन गरेको छु ।

(घ) सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

श्रम तथा रोजगारी

१०४.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचीकृत भइ छनौटमा परेका बेरोजगारहरुलाई १०० दिनको रोजगारीको ब्यबस्था गर्न रु. ५३ लाख ७२ हजार बजेट बिनियोजन गरेको छु । यसबाट आत्मनिर्भर स्वरोजगार तर्फ बेरोजगारहरु उन्मुख हुनेछन् भन्ने विश्वास मैले लिएको छु ।

१०५.श्रमिकहरुले कार्यस्थलमा प्रयोग गर्ने औजार तथा सुरक्षा सामग्रीहरुको बन्दोबस्त गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।

१०६.गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत सीप विकास, उपयुक्त प्रविधिमा पहुँच र नयाँ उद्यमी सृजना गर्नको लागि रु १३ लाख बिनियोजन गरेको छु ।

१०७.सानीभेरी गाउँपालिकाबाट सरकारी सेवाको प्रतिस्पर्धात्मक परीक्षामा सुधार ल्याउन शिक्षक सेवा आयोग तथा लोकसेवा आयोगसंग सम्बन्धित तयारी कक्षाहरु सञ्चालन गर्नका लागि रु.५ लाख बजेट बिनियोजन गरेको छु ।

१०८.कर्मचारीहरुको कार्यक्षमतामा सुधार ल्याइ सेवा र विकासका कार्यहरुमा सक्षमता अभिवृद्धि गर्नका लागि विभिन्न तालिम, प्रशिक्षण र गोष्ठीका कार्यक्रमहरुका लागि आबश्यक बजेट ब्यबस्था गरेको छु ।

प्रशासकीय सुशासन

१०९. गाउँपालिका दोस्रो पञ्चबर्षीय आवधिक योजना ( २०८१/०८२- २०८५/०८६) निर्माण गरी योजनाबद्ध विकास प्रणाली अबलम्बन गर्न आबश्यक बजेट बिनियोजन गरेको छु ।

११०.सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाइ, फाइबर नेट जडान र गाउँपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु ।

१११.भष्ट्राचार प्रति शुन्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाएको छु ।

११२.न्यायिक समितिको परिचालन तथा संचालन मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभाकारी बनाउन मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलाप कर्ताहरुलाइ कार्यविधिका आधारमा निश्चित पारिश्रमिकको ब्यवस्था गर्नको लागि रु.१० लाख बजेट बिनियोजन गरेको छु ।

११३.सहकारी संस्थाहरुको क्षमता विकास,सहकारी मर्जर,सहकारी मार्फत सस्तो पसल बिस्तार,सहकारीको नियमन र प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

११४.गाउँपालिकाका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गरी विकासमा गुणस्तरीयता अभिवृद्धी गर्न अनुगमन तथा मूल्याङ्कनका लागि आबश्यक बजेटको ब्यबस्था गरेको छु ।

११५.आगामी आब देखि एक झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न रु.१लाख बजेट छुट्याएको छु ।

११६. सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछ्र्यौट कार्यलाई अभियानका रुपमा संचालन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।

११७.पारदर्शी सरकारको अवधारणलाई आत्मसाथ गर्न सरकारका नीति, नियम, कार्यक्रम र सूचना तथा जानकारीहरुलाई सार्वजनिकीकरण गरी प्राप्त पृष्ठपोषणलाई अबलम्बन गरिने व्यवस्था मिलाएको छु ।

११८.प्रत्येक वडामा घुम्ती सेवा,बार्षिक प्रगति समीक्षा,गुनासो सुन्ने मोबाइल एप्स निर्माणका लागि रु.१२ लाख विनियोजन गरेको छु ।सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति निर्माणका लागि रु.५लाख विनियोजन गरेको छु ।

बाताबरण, जलबायु परिवर्तन तथा विपद् ब्यवस्थापन

११९.विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभिका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन गर्न विपद् ब्यबस्थापन कोषको लागि रु २० लाख बजेट बिनियोजन गरेको छु ।

१२०.गाउँपालिकामा जीविकोपार्जन,खानेपानी योजना, जलवायु परिवर्तन अनुकुलन र सुधारीएको चुलो लगायतका कार्यक्रमहरुका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

१२१.बन,वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छु ।

१२२.सानीभेरी नदिमा देखा पर्ने वेवारिसे लास तथा आकस्मिक दुर्घटना भइ ज्यान गुमाएका सानीभेरी बासीहरुको मृत लास परिक्षण गर्दा लाग्ने यातायात खर्चका लागि रु.३ लाख विनियोजन गरेको छु । यस क्षेत्रमा कुल बजेटको रु.१ करोड ५८ लाख १० हजार ८ सय ५३ अर्थात ३.१२ प्रतिशत छुट्याएको छु ।

(ङ)कार्यालय संचालन तथा प्रशासनिक

१२३.सानीभेरी गाउँपालिका अन्तर्गतका वडा कार्यालय शाखा कार्यालय गाउँपालिका अस्पत्ताल विद्यालयहरु कार्यरत कर्मचारी तथा अनुदान शिक्षकको तलब भत्ता कर्मचारीको तलब भत्ता कार्यालय संचालन खर्चका लागि रु .७ करोड ४७ लाख ४६ हजार ८ सय २४ अर्थात १४.७५ प्रतिशत विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

१२४.गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु.५०करोड ६७ लाख ५८ हजार १ सय २९ बिनियोजन गरेको छु ।

१२५.आगामी आर्थिक वर्षको लागि कुल बिनियोजित खर्च रु.५० करोड ६७ लाख ५८ हजार १ सय २९ मध्ये चालुतर्फ रु.३१७७३७३४६ (अक्षरेपी एकतीस करोड सतहत्तर लाख सरतीस हजार तीन सय छयालीस) अर्थात ६२.७० प्रतिशत र पुँजीगतमध्ये रु.१८८९७०१०६ (अक्षरेपी अठार करोड उनानब्बे लाख सत्तरी हजार एक सय छ ) अर्थात ३७.३० प्रतिशत रहने अनुमान गरेको छु ।

१२६.आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु १ करोड ५१ लाख, संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.९करोड ४९ लाख ८ सय, संघबाट प्राप्त हुने समानीकरण अनुदान रु.९ करोड ९ लाख, कर्णाली प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.५ लाख १२ हजार ३ सय २९ , कर्णाली प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु.९७लाख ६७ हजार, संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु.२० करोड ३० लाख, शशर्त अनुदान पूँजीगत तर्फ रु.१ करोड ११ लाख, समपुरक अनुदान रु. ५० लाख र बिशेष अनुदान चालु रु.५० लाख विशेष अनुदान पुँजीगत ७५ लाख र कर्णाली प्रदेश समपुरक अनुदान रु.५०लाख शसर्त अनुदान ४ करोड ५८लाख ८८ र गाउँपालिकाको गत आ.व.को नगद मौज्जात रु.१ करोड ७५ लाख प्राप्त हुने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

राजश्व परिचालनको नीति तथा कार्यक्रम

१२७.राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना २०८० अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।

१२८.करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाएको छ ।

१२९.स्थानीय तहलाई प्राप्त कराधिकारका क्षेत्रहरु सम्पति कर, भूमि  कर, घर बहाल कर, व्यवसाय कर ,जडिबुटी कवाडी र जीवजन्तु कर सवारी साधन कर विज्ञापन कर मनोरञ्जन कर बहाल बिटौरी कर  सेवा शुल्क पर्यटन शुल्क लगायतमा कर असुली गर्ने ब्यबस्था मिलाएको छ ।

१३०.भूमि तथा मालपोतमा चालू आर्थिक बर्षको माघ मसान्तसम्म कर तिर्दा ५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था मिलाएको छ ।

१३१.गाउँपालिका र वडास्तरमा संकलन भएको कर मासिक रुपमा सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाएको छ ।

१३२.कर संकलन,दायरा विस्तार र कर छुट सम्बन्धी ब्यबस्था कानुन बमोजिम हुने गरी मिलाएको छ ।

सभाध्यक्ष महोदय,

१३३.आर्थिक वर्ष २०७८/ ०७९ को  यथार्थ खर्च, आर्थिक वर्ष २०७९/ ०८० को संशोधित अनुमान र आगामी आर्थिक बर्ष २०८०/०८१ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छ । अनुमानित आय-व्ययको बिवरण अनुसूचीमा उल्लेख गरेको छ ।

१३४.आर्थिक बर्ष २०८०/०८१ को बजेट कार्यन्वयनमा आर्थिक , सामाजिक, पूर्वाधार विकास र समग्र गाउँपालिकाको विकास तथा समृद्विका आकाक्षाहरु पूरा हुने अभिलाषा लिएको छ । साथै सेवा,विकास र सामाजिक समानता सहितको न्याय मार्फत समृद्व सानीभेरी गाउँपालिका निर्माण गर्ने

ध्येयले प्रस्तुत गरिएको बजेट कार्यन्वयनमा सम्बद्व सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

१३५.समृद्ध सानीभेरी सुखारी सानीभेरीबासीको सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने विश्वास लिएको छु । बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, सञ्चार जगत, साझेदार संघ संस्था,बुद्धिजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सानीभेरी गाउँपालिकाबासी सबैलाई हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।

।।।।।धन्यवाद ।।।।

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत